**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

| खण्ड : ६ | संख्या : ५ | मिति : २०८०/०९/१४ |
|---|---|---|

**भाग-२**

## चुमनुब्री गाउँपालिका डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन कार्यविधि,२०८०

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

# चुमनुव्री गाउँपालिका डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन कार्यविधि,२०८०

**प्रस्तावना:**

चुमनुव्री गाउँपालिकाको स्वामित्वमा रहेको डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण प्रभावकारी ढंगबाट संचालन तथा व्यवस्थापन गर्न र मितव्ययी तरिकाले मर्मत संभार गर्नका लागि साथै उक्त उपकरण स-शुल्क भाडामा वा अन्य प्रयोजनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) को (घ) ले निर्दिष्ट गरे बमोजिम चुमनुव्री गाउँपालिकाले डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन कार्यविधि,२०८० जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम **"चुमनुब्री गाउँपालिका डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन कार्यविधि,२०८०"** रहेको छ।

ख) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

ख) "गाउँपालिका" भन्नाले चुमनुव्री गाउँपालिकालाई सम्झनु पर्दछ।

ग) "गाउँसभा" भन्नाले चुमनुव्री गाउँसभालाई सम्झनु पर्दछ।

घ) "अध्यक्ष" भन्नाले चुमनुव्री गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ।

ङ) "उपाध्यक्ष"भन्नाले चुमनुव्री गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

च) "गाउँ कार्यपालिका" भन्नाले चुमनुव्री गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चुमनुव्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ज) "कार्यालय" भन्नाले चुमनुव्री गाउँ कार्यापालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

झ) " समिति" भन्नाले यस कार्यविधिको दफा बमोजिमको गठन हुने संचालक समितिलाई सम्झनु पर्दछ।

ञ) "इन्जिनियर" भन्नाले चुमनुव्री गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ ।सो शब्दले गाउँ कार्यपालिको कार्यालयले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ।

ट) "सब-इन्जिनीयर" भन्नाले चुमनुव्री गाउँपालिकाकाको सब-इन्जिनियरलाई सम्झनु पर्दछ ।सो शब्दले गाउँ कार्यपालिका कार्यालयले सेवा परामर्श लिन सम्झौता गरेको सब-इन्जिनियरलाई समेत जनाउँदछ।

ठ) "शाखा" भन्नाले चुमनुव्री गाउँपालिकाको जिन्सी शाखा तथा योजना शाखालाई जनाउँदछ।

ड) "प्रयोगकर्ता" भन्नाले उपकरण संचालनको लागि भाडामा प्रयोग गर्ने संघसंस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ ।

ढ) "भाडा" भन्नाले भाडामा उपल्बध गराउन निर्धारण गरिएको दररेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ ।

ण) "विल" भन्नाले संचालन गरेको अपरेसन लगसिटको आधारमा कार्यालयले भाडा वापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महशुल विललाई सम्झनु पर्दछ ।

त) "अप्रेटर" भन्नाले डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ । सो शब्दले सह-चालकलाई समेत जनाउँदछ ।

थ) "उपकरण" भन्नाले डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण ( एम्बुलेन्स) लाई सम्झनु पर्दछ ।

**३. उद्देश्य:**

चुमनुव्री गाउँपालिका, संघीय सरकार तथा प्रदेश सरकार र सरकारी तथा गैरसरकारी संस्थाबाट संचालन गरिने भौतिक विकासका कार्यक्रमहरुमा माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण संचालन विधिमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

४. **संचालन समितिको गठन:** चुमनुव्री गाउँपालिकामा रहेको डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन लागि देहाय बमोजिमको संचालक समिति रहनेछ ।

क) संयोजक- प्रमुख प्रशासकीय अधिकृत

ख) सदस्य- प्राविधिक शाखा प्रमुख वा निजले तोकेको एकजना प्राविधिक

ग) सदस्य- लेखा शाखा प्रमुख

घ) सदस्य सचिव- जिन्सी शाखा प्रमुख

समितिको बैठक आवश्यकता अनुसार आमन्त्रित गर्न सकिने छ ।

५. **संचालक समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

ख) उपकरणको रेखदेख गर्ने,

ग) संचालनको अवस्थामा नियमन गर्ने,

घ) मर्मत संभार गर्ने तथा गर्न लगाउने,

ङ) गाउँ कार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्ने,

च) उपकरणको संचालन सम्बन्धी सम्पूर्ण आवश्यक काम काज गर्ने गराउने ।

**६. समितिको बैठक:**

क) समितिको बैठक तीन महिनाको एकपटक बस्नेछ ।

ख) आवश्यक भएमा जुनसुकै समयमा पनि समितिको बैठक बस्नेछ ।

**७. संचालन विधि:**

क) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु खालि रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी संचालन समितिको सिफारिसमा अनुसूचि १ बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति, संघसंस्था वा सरकारी निकायलाई डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सकिनेछ। साथै अपरेटर लगायतका कर्मचारीहरुको भत्ता सम्बन्धी व्यवस्था समेत अनुसूचि १ बमोजिम हुनेछ।

ख) कुनै पनि व्यक्ति, संघ संस्था र सरकारी निकायलाई आवश्यक परेको उपरकण प्रयोगमा ल्याउनाका लागि देहायको प्रकृया पुरा भए प्रश्चात उपकरण उपलब्ध गराईनेछ।

ग) अनुसूची २ मा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

घ) माग निवेदन उपर कार्यालयबाट उपलब्ध निर्णय भएप्रश्चात तोकेको भाडादर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकम अग्रिम गाउँपालिकाको कार्यालयमा नगदै बुझाई सोको आम्दानी रसिद वा कुमारी बैंकमा रहेको यस पालिकाको धरौटी खाता नं. ०८२०१२१७८९५००००९ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

ङ) तोकिएको अग्रिम शुल्क बुझाए प्रश्चात दफा ७ को (ख) बमोजिम अनुसूचि ३ बमोजिमको डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण चलान/ सम्झौता फाराम बमोजिम करार सम्झौता गर्नुपर्नेछ।

च) निवेदकले माग गरेको समयभन्दा बढी समयसम्म कामकाज गर्नु/गराउनुपर्ने भएमा अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र उपकरण संचालन गर्नुपर्नेछ।

छ) उपकरण फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डबाट पठाएपछि सम्पन्न गरी पुन: कार्यालय फिर्ता भए सम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क उपकरण प्रयोग कर्ताले अनिवार्य बुझाउनुपर्नेछ।

ज) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु खटिएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएप्रश्चात अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख अनुसूचि ४ बमोजिमको फाराममा भरी कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

झ) गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु सोझै उपलब्ध गराउन सक्नेछ। उक्त कामको विवरण समेत अनुसूचि ५ बमोजिम अभिलेखबद्ध गर्नुपर्नेछ।

ञ) यस चुमनुव्री गाउँपालिकाले उपकरण खालि बसेको अवस्थामा उक्त उपकरण भाडामा लगाउनका लागि जुनसुकै बखत उपकरण भाडामा लगाउने सूचना प्रकाशन गर्न सक्नेछ।

**८. इन्धन तथा मर्मत सम्बन्धि व्यवस्था:**

क) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणको अपरेटरले इन्धन तथा लुब्रिकान्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकान्ट खपतको

अद्यावधिक विवरण अपरेटरले तयार गरी इन्जिनियरको सिफारिसमा जिन्सी शाखाको रुजु मार्फत कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

ख) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु बिग्रिएमा बिग्रिएको लिखित जानकारी अपरेटरले कार्यालयमा पठाउनुपर्नेछ । कार्यालयबाट वर्कशपमा चेक जाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएप्रश्चात मात्र मर्मत संभार कार्य गरिनेछ ।

ग) मर्मत संभार कार्य गराउँदा अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाको प्रतिवेदन वर्कशपमा रहनुपर्नेछ ।

**९. भाडामा उपलब्ध गराउने सम्बन्धि शर्तहरुः**

क) चुमनुव्री गाउँपालिका कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु खालि रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी संचालन समितिको सिफारिसमा अनुसूची १ बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति, संघसंस्था वा सरकारी निकायालाई डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सकिनेछ ।

ख) कुनै पनि व्यक्ति वा संघ संस्था तथा सरकारी निकायलाई आफुलाई आवश्यक उपकरण भाडामा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा कार्यालयमा सम्पर्क राखि जानकारी लिनुपर्नेछ ।

ग) भाडामा प्रयोग गर्न वा माग गरिएको उपकरण माग गरेको अवधिको लागि उपलब्ध गराउन सक्ने वा नसक्ने सम्बन्धमा सम्बन्धित कार्यालयले प्रष्ट पार्नुपर्नेछ । निम्नलिखित परिस्थितिमा कार्यालयले उपकरण भाडामा उपलब्ध गराउन असमर्थ हुनेछ ।

१. माग गरिएको उपकरण उपलब्ध नभएको अवस्थामा,

२. माग गरिएको उपकरण गाउँपालिकाको कार्य वा अन्य आकस्मिक कार्य प्रयोग भई रहेको वा आकस्मिक कार्यको लागि स्टान्ड बाई रहेको अवस्थामा,

३. माग गरिएको उपकरण चालु अवस्थामा नरहेको अवस्थामा,

घ) चुमनुव्री गाउँपालिकाकाद्वारा संचालित योजना बाहेक अन्य निकायका ठेक्का पट्टा मार्फत संचालित आयोजनाको लागि डोजर (जे.सि.वि), स्काभेटर भाडामा प्रयोग गर्न उक्त उपकरणको तोकिएको भाडादर बमोजिम प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने आवश्यक भाडा रकममा थप २५ प्रतिशत गरी हुन आउने रकम कार्यालयले तोकिदिएको धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ । कार्यालयले भौचर प्राप्त भएपछि आम्दानी रसिद उपलब्ध गराउनुपर्नेछ । काबु बाहिरको परिस्थितिमा परि धरौटि खातामा दाखिला गरी भौचर पेश गर्न नसक्ने भएमा कार्यालय प्रमुखले आम्दानी रसिदबाट नगदै लिई उपकरण उपलब्ध गराउन आदेश दिन सक्नेछ । यसरी नगदै प्राप्त भएको रकम अर्को दिनमै धरौटि खातामा जम्मा गर्न व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) उपकरण भाडामा प्रयोग गर्दा त्यसमा खपत हुने इन्धन, लुब्रिकान्ट र संचालनको लागि खटिई जाने अपरेटरको भ्रमण खर्च भ्रमण खर्च नियमावली, २०६४ अनुसार हुने सुविधा सम्बन्धित प्रयोगकर्ताले व्यहोर्नु पर्नेछ ।

च) उपकरण भाडामा प्रयोग भई भाडा महशुल विल तयार भएपछि प्रयोगकर्ताको धरौटि रकम मध्यबाट भाडा महशुल विल बमोजिमको रकम फरफारक गराउनु पर्दछ। विल रकम भन्दा धरौटि खातामा जम्मा भएको रकम बढि भएमा प्रयोगकर्तालाई फिर्ता गर्ने र विल बमोजिमको रकम अपुग भएमा प्रयोगकर्तबाट धरौटि खातामा रकम जम्मा गर्न लगाई फरफारक गराउनु पर्नेछ।

छ) गाउँपालिकाद्वारा उपकरण भाडामा उपलब्ध गराउँदा प्रयोगकर्ताहरुले गाउँपालिकाको उपकरण भाडा सम्बन्धि तोकिएको नियम तथा शर्तहरु पालन गर्नुपर्नेछ।

**१०.कर्मचारी व्यवस्था:**

क) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण संचालनको लागि एक जना अपरेटर र आवश्यक परेमा एक जना सहयोगि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ । र अन्य उपरकण समेत पालिकामा उपलब्ध हुने भएमा उपलब्ध भए प्रश्चात गरिनेछ।

ख) करारमा नियुक्त कर्मचारीको सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**११.विविध:**

क) गाउँपालिका भित्र रहेका उपकरणहरु कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन्। सवारी साधन तथा यान्त्रिक उपकरणहरुको संभार गर्नु पर्दा पदाधिकारी र कर्मचारी सबैको दायित्व हुनेछ।

ख) उपकरणहरुको माईल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व अपरेटर र चालकको हुनेछ।

ग) उपकरण फिल्डमा खटाउने सिफारिस चालक, अपरेटर, जिन्सी शाखा र इन्जिनियरको हुनेछ सोको स्वीकृति प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ।

घ) यस कार्यविधिमा समयानुकल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा संचालक समितिको राय बमोजिम गाउँ कार्यपालिकाले संशोधन वा थपघट गर्न सकिनेछ।

अनुसूचि-१

## डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण भाडामा दिनु/लिनु परेको खण्डमा भाडादर तथा कर्मचारीको भत्ता

क) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण ( इन्धन सहित)

| क्र.सं. | यान्त्रिक उपकरण | कामको प्रकार | भाडा दर | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रति घण्टा | सिफ्ट | |
| १ | एक्जाभेटर | अन्य निकाय तथा ठेक्का पट्टा मार्फत संचालित आयोजना | ७५००/- | | |

ख) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण ( इन्धन बाहेक)

| क्र.सं. | यान्त्रिक उपकरण | कामको प्रकार | भाडा दर | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रति घण्टा | सिफ्ट | |
| १ | एक्जाभेटर | अन्य निकाय तथा ठेक्का पट्टा मार्फत संचालित आयोजना | ३०००।- | | अतिरिक्त अपरेटर भत्ता रू ३०० प्रतिघण्टा |

ग) डोजर (जे.सि.वि), स्काभेटर तथा यान्त्रिक उपकरण अपरेटर भत्ता

| क्र.सं. | यान्त्रिक उपकरण | कर्मचारी तथा जनशक्ति | भाडा दर | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रति घण्टा | सिफ्ट | |
| १ | एक्जाभेटर | अपरेटर/ सह-चालक | ३००/- | | |

अनुसूचि-२

**उपकरण भाडामा लिने सम्बन्धि निवेदनको ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
चुमनुव्री गाउँपालिकाको कार्यालय,
सिर्दिबास, गोरखा ।

**विषय:- उपकरण भाडामा उपलब्ध गराईदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा ......................................कामका लागि चुमनुव्री गाउँपालिकाको नियमानुसार गाउँपालिकाको ....................उल्लेखित समयको लागि उपलब्ध गराईदिनुहुनु अनुरोध गर्दछु ।

| क्र.सं. | उपकरणको नाम | कामको विवरण | स्थान | समय | देखि | सम्म | अनुमानित कार्य अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |

यस गाउँपालिकाको नियमानुसार भाडा विल प्राप्त भएपछि कट्टा हुने गरी गाउँपालिकाबाट निर्धारित पेश्की (धरौटि) दिन र यसै साथ संलग्न गरिएको निवेदकले पालना नियम तथा शर्तहरु पालना गर्न समेत मन्जुर गर्दछु ।

प्रयोगकर्ता: व्यक्ति/संस्था
निवेदकको पुरा नाम, थर,ठेगाना:
दस्तखत :
परिचयपत्र नं.:
संस्थाको हकमा पद:

…………………………………………………………………………………………………
…………………………………………..............

**कार्यालय प्रयोजनका लागि मात्र**

श्री आर्थिक प्रशासन शाखा,
चुमनुव्री गाउँपालिका ।

..............................निम्न बमोजिमको रकम लिई आन्तरिक राजश्व खातामा जम्मा गर्नु होला ।

| भाडामा दिने उपकरणको विवरण | भाडा दर | | धरौटी राख्नुपर्ने अनुमानित रकम |
|---|---|---|---|
| | प्रति घण्टा | प्रति सिफ्ट | |
| | | | |

अनुसूचि-३

**सम्झौता पत्र**

चुमनुव्री गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने) ………… जिल्ला........गाउँ/नगरपालिका वडा नं. ...........स्थायी ठेगाना भएका श्री.................( यस पछि दोस्रो पक्ष भनिने) …………….गतेका दिन चुमनुव्री गाउँपालिकाको ................भाडामा लिनका लागि देहायका शर्तहरुमा रहि पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति आपसमा बुँझि लियौं/दियौं ।

**शर्तहरु:**

१. यो सम्झौता मिति.............देखि .............सम्म लागु हुनेछ । आपसी सम्झौता र आवश्यकता बमोजिम सम्झौता अवधि थप तथा तय हुन सक्नेछ ।
२. सम्झौता लागु भएको मितिदेखि पहिलो पक्षले दोस्रो पक्षलाई उपकरण उपलब्ध गराउनुपर्नेछ
३. पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको सेवा वापत पाउने प्रति घण्टा रु................दरले हुनेछ र अपरेटर तथा सहायक अपरेटरको भत्ता वापतको रकम प्रति घण्टा रु..................दरले दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।
४. सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएमा आचरण सम्बन्धी कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ मा व्यवस्था भए अनुसार आचरण सम्बन्धी कुराहरु दुवै पक्षले पालना गर्नुपर्नेछ ।
५. भुक्तानीको तरिका सम्झौता अनुसारको रकम अग्रिम दोस्रो पक्षले संचालक समितिको निर्णय बमोजिमको रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।
६. इन्धन वापतको रकम रु...................का दरले र यान्त्रिक उपकरण अपरेटरको भत्ता ...............पक्षले नै व्यहोर्नु पर्नेछ ।
७. रु.......................सम्मको मर्मत संभार .......................पक्षले र सो भन्दा माथिको मर्मत संभार खर्च.....................पक्षले व्यहोर्नु पर्नेछ ।
८. सम्झौता अनुसारको रकम तोकिएको अवधि भित्र दाखिला नगरेमा सम्झौता अनुसारको रकम असुल उपर गरी थप सम्झौता रकमको ५० प्रतिशत सम्म थप जरिवाना लाग्नेछ ।
९. सम्झौता दोस्रो पक्षका कारणबाट भंग गर्नु परेमा प्रति दिन सम्झौता रकमको १० प्रतिशत दोस्रो पक्षबाट कट्टी गरिनेछ ।
१०.यसमा उल्लेख भए बाहेकको अन्य कराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।
११.अन्य केहि भए दुवै पक्षको सहमतिमा थपघट गर्न सकिनेछ ।

| **पहिलो पक्षको तर्फबाट:** | **दोस्रो पक्षको तर्फबाट:** |
|---|---|
| नाम, थर: | नाम, थर: |
| पद: | पद: |
| कार्यालय: | व्यक्ति/फर्म/संस्था/कम्पनी: |

इति सम्वत्........साल...................महिना.....................गते रोज......................शुभम्

अनुसूचि-४

**भाडामा सम्झौता भए बमोजिम कार्यालयबाट छुटेदेखि कार्यक्षेत्रबाट फर्कदा सम्म यान्त्रिक उपकरण चेलेको**

## मिटरको लकबुक

| क्र.सं. | कामको विवरण | मिति | उपकरण चलेको अवधि | | मिटर रेकर्ड | | कि.मी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| ..................... | ................... | ........................ |
|---|---|---|
| तयार गर्ने | जाँच गर्ने | प्रमाणित गर्ने |
| उपकरण अपरेटर | इन्जिनियर | प्रमुख प्रशासकीय अधिकृत |

अनुसूचि-5

**कार्यालयको नियमानुसार विशेष परिस्थितिमा कार्यालयबाट छुटेदेखि कार्यक्षेत्रबाट फर्कदा सम्म यान्त्रिक उपकरण चेलेको**

## मिटरको लकबुक

| क्र.सं. | कामको विवरण | मिति | उपकरण चलेको अवधि | | मिटर रेकर्ड | | कि.मी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

..................... ................... ........................

तयार गर्ने
उपकरण अपरेटर

जाँच गर्ने
इन्जिनियर

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचि-६**

चुमनुव्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा

**उपकरण भाडा महशुल विल**

भाडा सम्झौता नं. सम्झौता मिति:
विल नं.
मिति:
भाडा लिनेको नाम:
ठेगाना:

| क्र.सं. | उपकरणको विवरण | विभागिय नं. | विवरण | लगसिट नं. | भाडा विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिफ्ट | घण्टा | दर | जम्मा रु. | |
| १ | | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

जम्मा भाडा रकम:

पेश्की जम्मा:

बुझाउनु पर्ने रकम/फिर्ता गर्नु पर्ने रकम ..........................

..................... .................... ..............

**तयार गर्ने** **पेश गर्ने** **प्रमाणित गर्ने**

## अनुसूचि- ७

## <u>उपकरणको विवरण</u>

लगसिट/सम्झौता नं.

शुरु मिति:………..…..अन्त्य मिति:………….....

सवारी दर्ता नं.

समय:……………………

अपरेटर नाम:

किसिम:

गाउँपालिका: आन्तरिक/उपभोक्ता समिति/अन्य निकाय.......

दर्जा:…................

| मिति | कामको विवरण | | उपकरणको कि.मि | | काम गरेको | | उपकरणको अवस्था | तैल्य पदार्थ | | अन्य | अपरेटरको दस्तखत | प्रयोगकर्ताको दस्तखत | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ठाउँ | विवरण | देखि | समय | घण्टा | सिफ्ट | बिग्रेको/बनेको समय | विवरण | परिमाण | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

आज्ञाले

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत